# हेपाटाईटिस सि संक्रमणमा रहेका ब्यक्तिहरूमा पहिचान, हेरचाह र उपचारका लागि विश्व स्वास्थ्य संगठनको निर्देशिकाहरू

**विश्व स्वास्थ्य संगठनले अप्रिल २०१४ मा हेपाटाईटिस सि पहिचान, हेरचाह र उपचार सम्बन्धि आफ्नो पहिलो निर्देशिकाहरु जारी गरेको छ । उक्त निर्देशिकाहरुले सरकारी कर्मचारी तथा स्वास्थ्य सम्बन्धी सेवाकर्मीहरुलाई हेपाटाईटिस सि संक्रमणमा रहेका ब्यक्तिहरुमा यसको पहिचान, उपचार र हेरचाहको पहलको लागि मद्धत पुऱ्याउने उद्धेश्य लिएको पाईएको छ ।**

**यो तथ्य जानकारीले निर्देशिकाहरुको मुख्य सुझावहरुलाई संक्षिप्तमा वर्णन गरेको छ ।**




## निर्देशिकाहरूमा के भनिएको छ ?

### पहिचान :

पहिचान एउटा प्रकृया हो जसले गर्दा ब्यक्तिहरु आफु हेपाटाईटिस सि बाट अहिलेसम्म संक्रमित भए नभएको पत्ता लाग्दछ । निर्देशिकाले निम्न सुझाव पेश गरेको छ ।

- हेपाटाईटिस सि एण्टी बोडी परिक्षण गरि हेपाटाईटिस सि को पहिचान गरिनु पर्दछ । पहिचान गरिनुपर्ने समुदाय : कुनै न कुनै समयमा जोखिममा रहने दर बढि भएको समुदायका ब्यक्तिहरुमा, ब्यक्तिहरु जो लागुपदार्थ प्रयोग गर्छन् र ब्यक्तिहरु जो एचआईभी संक्रमणमा छन् ।
- एण्टी बोडी परिक्षण सकारात्मक आएका ब्यक्तिहरुमा जिर्ण हेपाटाईटिस सि को संक्रमण पत्ता लगाउनका लागि हेपाटाईटिस सि आरएनए परिक्षण (यसलाई हेपाटाईटिस सि भाईरल लोड पनि भन्ने गरिन्छ) गरिनु पर्दछ ।

### हेरचाह :

सबै जिर्ण हेपाटाईटिस सि बाट संक्रमणमा रहेका ब्यक्तिहरुले आफ्नो कलेजोको थप बिकारको रोकथामको लागि पहल गर्न सक्छन् र उनीहरुमा आफ्नो कलेजोको आवश्यक अनुगमनको लागि उपयुक्त चिकित्सकीय हेरचाहको पहुँच पुऱ्याईनु पर्दछ ।

- हेपाटाईटिस सि संक्रमणमा रहेका ब्यक्तिहरुमा रक्सी सेवनको अन्वेषण तथा मध्यम र बढि (हप्तामा नौ गिलास बियर वा वाइन भन्दा बढि) रक्सी सेवन गर्नेहरुमा सेवनमा कमि गर्ने खालका कार्यक्रमहरुको पहुँच बढाईनु पर्दछ ।
- सुईद्वारा लागुपदार्थ प्रयोगकर्ताहरुमा हेपाटाईटिस बि र सि को रोकथामका जानकारीहरु पुऱ्याईनु पर्दछ साथै हेपाटाईटिस बि र सि को दोहोरो संक्रमणको जोखिमलाई कम गर्नको लागि सुईद्वारा लागुपदार्थ प्रयोगकर्ताहरुमा हेपाटाईटिस बि को खोप दिइनुपर्दछ ।
- एपिआरआई र एफआईबि४ अंक अनुसार कलेजोको क्षति पहिचान गर्न सकिन्छ । उक्त अंकहरु कलेजोको इन्जाईम, प्लाटलेट्स र ब्यक्तिको उमेरका[1] आधारमा प्राप्त गर्न सकिन्छ । यदि उपलब्ध भएमा, बिशेष अल्ट्रासाउण्डद्वारा कलेजोको कडापनलाई जाँच गर्न सकिन्छ - जसलाई फाईब्रोस्क्यान® (FibroScan®) भनिन्छ ।

---

१ अंक गणनाका लागि अनलाइन स्रोत : http://gihep. com/calculators/hepatology/fibrosis-4score/ र http://www.hepatitics.uw.edu/page/clinical-calculators/apri.

Published by amfAR
amfAR
MAKING AIDS HISTORY

Translated by
www.unionc.org
UNION
HEPATITIS




**निर्देशिकाहरुले निम्न औषधीहरुको सुझाव प्रस्तुत गरेको छ :**

| हेपाटाईटिस सि उपचारका औषधीहरू | हेपाटाईटिस सि का जिनोटाइपहरू | उपचार अवधि[2] | एकै समयमा लिन नहुने एचआईभि औषधीहरू |
|---|---|---|---|
| पेगिलेटेड ईन्टरफेरन अल्फा र रिभाभिरिन | जिनोटाइप १ र ४ | ४८ हप्ता | डिडानोजाईन, स्टाभुडिन, जिडोभुडिन |
| | जिनोटाइप २ र ३ | २४ हप्ता; ४८ हप्ता एचआईभि संगको सह–संक्रमणमा | डिडानोजाईन, स्टाभुडिन, जिडोभुडिन |
| बोसेप्रेभिर तथा पेगिलेटेड ईन्टरफेरन अल्फा र रिभाभिरिन | जिनोटाइप १ | २४ हप्ता; ४८ हप्ता एचआईभि संगको सह–संक्रमणमा | डिडानोजाईन, इफाभिरेञ्ज, स्टाभुडिन, जिडोभुडिन, सबै प्रोटिज इनहिबिटर्स |
| तेलाप्रेभिर तथा पेगिलेटेड ईन्टरफेरन अल्फा र रिभाभिरिन | जिनोटाइप १ | २४ हप्ता; ४८ हप्ता एचआईभि संगको सह–संक्रमणमा | स्टाभुडिन, जिडोभुडिन, सबै प्रोटिज इनहिबिटर्स (बुष्टेड एटाजानाभिर बाहेक) |
| सिमेप्रेभिर तथा पेगिलेटेड ईन्टरफेरन अल्फा र रिभाभिरिन | जिनोटाइप १ | २४ हप्ता | डिडानोजाईन, इफाभिरेञ्ज, नेभिरापिन, स्टाभुडिन, जिडोभुडिन, सबै प्रोटिज इनहिबिटर्स |
| सोफोसबुभिर[3] तथा पेगिलेटेड ईन्टरफेरन अल्फा र रिभाभिरिन | जिनोटाइप १, ३ र ४ | १२ हप्ता | डिडानोजाईन, स्टाभुडिन, जिडोभुडिन |
| सोफोसबुभिर र रिभाभिरिन | जिनोटाइप १, ३ र ४ | २४ हप्ता | डिडानोजाईन, स्टाभुडिन, जिडोभुडिन |
| | जिनोटाइप २ | १२ हप्ता | |

## उपचार :

जिर्ण हेपाटाईटिस सि को संक्रमणमा रहेका व्यक्तिहरुले चिकित्सकिय उपचारको कोशिस र निदान गर्न सक्दछन् ।

- हेपाटाईटिस सि को संक्रमणमा रहेका सबै वयस्क र बालकहरु उपचार पाँउनका निमित्त योग्य छन् भनि मुल्यांकन गरिनुपर्दछ ।
  - ✔ एचआईभी को सह-संक्रमणले हेपाटाईटिस सि रोगको वृद्दि चाँडो हुने भएकाले हेपाटाईटिस सि को उपचारमा उक्त समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिनुपर्दछ ।
  - ✔ हेपाटाईटिस सि उपचार सुरु गर्नु अगावै एचआईभी को अवस्थामा स्थिरता ल्याईनुपर्दछ । खास गरि त्यस्ता व्यक्तिहरु जस्को सिडिफोर काउण्ट २०० सेल्स पर क्युबिक मिलिमिटर छ ।
  - ✔ लागुपदार्थ प्रयोगकर्तामाझ हेपाटाईटिस सि को उपचारले हेपाटाईटिस सि को व्यापकतामा कमी हुन्छ र यसलाई बढि फैलिनबाट रोक्न सकिन्छ ।

## क्षत्रिय सन्दर्भ :

राष्ट्रिय स्वास्थ्य कार्यक्रम अर्न्तगत साउथ र साउथ इष्ट एसियाका देशहरुमा हेपाटाईटिस सि को उपचारका कार्यक्रमहरुको पहिचानको शुरुवात हुँदैछ तर कार्यक्रमको संचालन एकदमै कम छ, जसले गर्दा लाखौं मानिसहरु हेपाटाईटिस सि को उपचार देखी वञ्चित छन् । यी निर्देशिकाहरु हेपाटाईटिस सि सम्बन्धी कार्यक्रमको शुरुवातका लागि नमूनाको रुपमा प्रयोग गर्न सकिन्छ र उक्त निर्देशिकाहरु मार्फत् समुदायका वकालतकर्ताहरुले हेपाटाईटिस सि को पहिचान, हेरचाह र उपचारका निमित्त वकालत गर्न सक्नेछन् ।



पुर्ण निर्देशिकाहरु प्राप्त गर्नका लागि : http://www.who.int/hiv/pub/hepatitis/hepatitis-c-guidelines/en/.

हेपाटाईटिस सि बिरामीले फाईवर स्क्यान सेवा लिदैं ।

२. यदि तोकिएको छैन भने उपचार अवधि एक्लो वा एचआईभी सह-संक्रमणको लागि समान छ ।

३. सोफोसबुभिर औषधीको उपचार अवधी छोटो हुन्छ । उपचारको सफलताको दर पनि बढी छ र थोरै मात्रामा औषधी सम्बन्धि बिषाक्त हुन्छ । सुझाव गरिएको उपचारको अवधि जिनोटाइपमा भर पर्दछ न कि एचआईभी को सह-संक्रमणसँग । औषधीको मुल्य (उदाहरण: हाल १२ हप्ताको उपचारको लागि अमेरिकामा ८४,००० अमेरिकी डलर पर्दछ) र जेनेरिक औषधी उपलब्ध नहुनुले गर्दा यो औषधी गरिब तथा गरिबोन्मुख देशहरुमा उपलब्ध छैन ।


Therapeutics Research • Education • AIDS Training
TREATASIA
ANPUD
APN PLUS
UNION HEPATITIS



Union C
Baluwatar-3, Kathmandu 44616, Nepal
e: info@unionc.org
www.unionc.org